"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np,
info@muannepal.org.np

Ref.

मिति : २०७७/११/१३

# प्रेस विज्ञप्ती

नेपाल नगरपालिका संघ (MuAN) का अध्यक्ष तथा धुलिखेल नगरपालिका नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ अन्तराष्ट्रिय संजाल UNITED CITIES AND LOCAL GOVERNMENT ASIA PACIFIC (UCLG ASPAC) का अध्यक्षको रुपमा आज भर्चुअल्ली संचालित COUNCIL MEETING बाट निर्वाचित हुनुभएकोमा हार्दिक बधाई साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

UCLG ASPAC दक्षिण पूर्व एसिया र एसिया प्रान्त क्षेत्रका स्थानीय सरकारको सम्मिलित सदस्यहरुको सबै भन्दा ठुलो संजाल हो । UCLG संयुक्त राष्ट्रसंघबाट मान्यता प्राप्त एकमात्र स्थानीय सरकारहरुको संस्था हो । इण्डोनेसियाको जाकार्तामा प्रधान कार्यालय रहेको UCLG ASPAC प्रजातान्त्रीक रुपको स्थानीय सरकारहरुको ऐक्यबद्ध आवाज हो । यो अन्तराष्ट्रिय समुदायका अन्तर सरकारहरुका वीच समन्वय र सहकारीता लागि स्थापित संजालको रुपमा रहेको छ । " विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) संग लड्न UCLG ASPAC जस्तो संजाल अझ सशक्त रुपमा ऐक्यबद्ध भई स्थानीय सरकारहरुको भुमिका मजबुत बनाउन सक्रिय हुनु जरुरी छ । यसका साथै प्रकोप व्यवस्थापन, जलवायु परिवर्तन र गरिबि निवारण लगाएत विश्वव्यापी रुपमा स्थानीय सरकार तथा शहरीकणसंग सम्बन्धित समस्याहरुको सम्बोधन गर्न पनि संयुक्त एकत्रित आवाजको महत्व रहेको र आपसि सिकाइलाई प्रबर्द्धन गर्नु अपरिहार्य छ ।" नव निर्वाचित अध्यक्ष ब्याञ्जुले भन्नुभयो ।

नेपाल नगरपालिका संघ वि.सं २०५० मा स्थापित गैरनाफामुलक २९३ नगरपालिकाहरुको छाता संगठन हो । दुई दशकदेखि International Union of Local Authorities (IULA) हुँदै UCLG ASPAC संग आवद्ध रहि नेपालका नगरपालिकाहरुको साझा हक हितका लागि बहस पैरवी तथा संजालिकरणका माध्यामबाट सहयोगी संस्थाका रुपमा स्थापित संस्था हो । UNITED CITIES AND LOCAL GOVERNMENT ASIA PACIFIC (UCLG ASPAC) का अध्यक्षको रुपमा नेपाल नगरपालिका संघका अध्यक्षको प्रतिनिधित्व हुनुले नेपालका नगरपालिकाहरुको सशक्तिकरणका लागि कार्य गर्न अझ जिम्मेवार बनाएको छ । नगरपालिकाहरुको क्षमता अभिबृद्धि गरी संघीयता कार्यान्वयन र संविधान प्रदत्तहकहरुको प्रयोग गरी सबल, सुशासित र समृद्ध नगरपालिकाहरु निर्माणमा कोशेढुंगा सावित हुनेमा संघ विश्वस्त रहेको छ ।